annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २१० पृष्ठ १० | काठमाडौं, बिहीबार २० मंसिर २०८१ | मार्ग शुक्लपक्ष चतुर्थी नेपाल संवत् ११४५ | THURSDAY, DECEMBER 5, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# १० वर्षमा बीआरआईमा सम्झौता, १० परियोजनामा लगानी



**नेपाल-चीनबीच बेल्ट एन्ड रोड एनिसियटिभ (बीआरआई) फ्रेमवर्कमा बुधबार सम्झौता भएको छ। यो सँगै भू-राजनीति मात्र होइन, क्षेत्रीय र अन्तर्राष्ट्रिय राजनीति पनि तरंगित छ। तर, सबैको एउटै जिज्ञासा छ- ऋण वा अनुदान केमा हस्ताक्षर भयो ? किनभने, हस्ताक्षरकर्ता नेपाल र चीन दुवै पक्षले यो विषय स्पष्ट गरेका छैनन्। त्यसैकारण सबैको ध्यान अब प्रधानमन्त्री केपी ओलीतिर छ। चार दिने भ्रमण सकेर प्रधानमन्त्री ओली बिहीबार स्वदेश फर्कँदै छन्।**

चीनको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) सहकार्य फ्रेमवर्कमा हस्ताक्षर गर्दै परराष्ट्रसचिव अमृतबहादुर राई र चीनका तर्फबाट चीनका नेसनल डेभलपमेन्ट एन्ड विकास रिफर्म कमिसनका उपाध्यक्ष लिउ सुशे। ● शिवराज भट्ट

राधा खनाल/सुनिता कार्की | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

**बीआरआई फ्रेमवर्कमा परेका १० परियोजना**

१. टोखा-छहरे सुरुङमार्ग
२. हिल्सा-सिमकोट सडक
३. किमाथांका-खाँदबारी सडक र पुल
४. जिलोङ-केरुङ-काठमाडौं ट्रान्सबोर्डर रेल्वे
५. जिलोङ-केरुङ-चिलिमे २२० केभी ट्रान्सबोर्डर ट्रान्समिसन लाइन
६. काठमाडौं साइन्टिफिक सेन्टर एन्ड साइन्स म्युजियम
७. झापाको दमकमा चीन-नेपाल औद्योगिक मित्रपार्क
८. मदन भण्डारी विश्वविद्यालय
९. झापा स्पोर्ट्स एकेडेमी
१०. डडेल्धुराको अमरगढी सिटीहल

## दक्षिण कोरियाली राष्ट्रपतिविरुद्ध महाअभियोग प्रस्ताव पेस

**सोल** (एजेन्सी) : दक्षिण कोरियाली राष्ट्रपति युन सुक येओलविरुद्ध महाअभियोग प्रस्ताव पेस गरिएको छ। प्रमुख प्रतिपक्षी दल डेमोक्रेटिक पार्टीसहित ६ विपक्षी दलले महाअभियोग प्रस्ताव पेस गरेका हुन्। महाअभियोगमाथि शुक्रबार वा शनिबार मतदान हुने जनाइएको छ। राष्ट्रपति येओलले देशलाई उत्तर कोरियाको कम्युनिस्ट शक्तिहरूबाट जोगाउन र राज्य विरोधी तत्वहरूलाई हटाउन भन्दै मंगलबार राति 'मार्सल ल' लागू गरेका थिए। तर, यो लागू भएको ६ घण्टा पनि नबित्दै त्यहाँका सांसदहरूले उक्त कानुनलाई उल्ट्याइदिएका थिए।

मार्शल ल लागू गर्ने उनको कदमलाई बिफल पारेपछि सांसदहरूले महाभियोगको प्रक्रिया सुरु गरेका हुन्। योसँगै राष्ट्रपतिले बुधबार बिहान मार्सल ल लागू गराउने आदेश फिर्ता लिन बाध्य भएका थिए। मार्सल ल लगाउने राष्ट्रपतिको कदमको विरोध गर्दै बुधबार विपक्षी दलका कार्यकर्ताहरूले उनको राजीनामाको माग गर्दै देशभर प्रदर्शन गरेका थिए।

## बालबालिकाका किताबमा 'जनयुद्ध' का सामग्री

**शिव उप्रेती** | *गोरखा*

गोरखाको अजिरकोट गाउँपालिकाले स्थानीय विषयको पठ्यपुस्तकमा तत्कालीन माओवादीको सशस्त्र 'जनयुद्ध' का पाठ्यवस्तु समावेश गरेको छ। कक्षा ५ को पाठ्यपुस्तकको पाठ १६ मा माओवादी 'जनयुद्ध' सम्बन्धी विषयवस्तु समावेश गरेको हो। अजिरकोट सेरोफेरो नाम राखेर छापिएको सो पुस्तकको पेज नं. ४५ मा सामाजिक चेतना विषय क्षेत्रअन्तर्गत 'जनयुद्ध र गणतान्त्रिक नेपाल' शीर्षक राखिएको छ। सो पाठमा 'प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंस गर्दै नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं', 'विद्रोह जनताको अधिकार हो, जनयुद्ध जिन्दावाद' लगायतका नारा लेखिएका पोस्टरहरू राखिएका छन्। त्यस्तै सो पाठको सुरुमै 'जनता नै इतिहासका निर्माता हुन्- माओ', भनेर माओत्से तुङको भनाइ उल्लेख गरिएको छ। यस्तै, 'जनमुक्ति सेना' का तस्बिर राखिएका छन्।

» बाँकी पृष्ठ ५




## लागल जनकपुरमे मेला, देखेला मोरा मनबा करेला

**मनिका झा** | *जनकपुरधाम*

जनकपुरमा श्रद्धालुको थेगिनसक्नु भीड छ। स्वदेशबाट मात्र होइन, विदेशबाट पनि उत्तिकै पाहुनाले भरिएको छ। नजिकैका गाउँबस्तीबाट टाउकोमा झोला, बोरा बोक्दै हजारौं भक्तजन पैदलै जनकपुर आएका छन्। सबैको मनोकामना छ, शुक्रबार हुने भगवान् रामसीताको विवाह उत्सवमा सहभागिता जनाउने। जनकपुरमा लागेको साताव्यापी भव्य मेला हेर्न जो कोही उत्साहित छन्। दुलहीझैं सजिएको जनकपुरमा अधिकांश स्थानीयका घर पाहुनाले भरिभराउ छन्। छिमेकी देश भारतबाट मात्रै नभई तेस्रो मुलुकका पाहुनाले समेत जनकपुरका प्रत्येक होटल, लज, धर्मशाला, मठ मन्दिर भरिभराउ छन्।

यतिसम्मकी विद्यालयका प्रांगण र खुला चौरहरूसमेत भरिन थालेका छन्। 'विवाहपञ्चमी महोत्सवले गर्दा पाहुनाहरूको चाप निकै बढी छ,' जनकपुरको होटल वेलकमका सञ्चालक विजय झुनझुनवाला भन्छन्, 'हामी कहाँ त एक महिना पहिले देखिनै बुकिङ भइसकेको थियो। प्राय:जसो अहिले सबै होटलहरू भरिभराउ छन्।'

प्रत्येक वर्ष झैं विवाहपञ्चमी महोत्सवमा सहभागी हुन भारतको सीतामढीकी सोनी साहु परिवारसँगै जनकपुर आइपुगेकी छिन्। बुधबार राममन्दिरमा आयोजित तिलकोत्सव महोत्सवमा सहभागी हुँदा निकै खुसी देखिएकी साहु भन्छिन्, 'भगवान् रामसीताको वैवाहिक वर्षगाँठको साक्षी बस्न पाउनु सौभाग्य हो।'



विवाह महोत्सवअन्तर्गत तिलकोत्सव समारोह। ● अन्नपूर्ण

सप्ताहव्यापी विवाहपञ्चमी महोत्सवअन्तर्गत बुधबार तिलकोत्सव समारोह सम्पन्न भएको छ। बेहुला र बेहुली पक्षबीच विवाहको कुरोलाई अन्तिमरूप दिन र दुवै पक्षका अभिभावकहरूको सहमतिका लागि तिलकोत्सव समारोह गर्ने परम्परा मिथिलामा रहिआएको छ।

सोहीअन्तर्गत राम र सीताको तिलकोत्सव समारोह राम मन्दिरको प्रांगणमा सम्पन्न भएको हो। तिलकोत्सवमा जानकी मन्दिरको तर्फबाट कोसेली लिएर जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशनदास दास वैष्णव माता सीताको अभिभावकको भूमिकामा राममन्दिर पुगेका थिए।

राममन्दिरका महन्थ राम दास भगवान् रामको अभिभावकका रूपमा सहभागी भएका थिए। तिलकोत्सव समारोहमा जनकपुरका गन्यमान्य व्यक्तिहरू र हजारौं श्रद्धालुहरूको सहभागिता थियो।

» बाँकी पृष्ठ ५

